प्रति साधारण शेयर रु.१००/- अंकित दरको २६,४३,५३८.८० कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड
NEPAL COMMUNITY
Development Bank Ltd. *Banking with Excellence*
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतप्राप्त संस्था (३ जिल्ला कार्यक्षेत्र भएको)
बुटवल-८, रूपन्देही, नेपाल, फोन नं. : ०७१-५४१८१७, ५४१८१८ फ्याक्स नं. ०७१-५४१८१९
E-mail: info@ncdbank.com, web:www.ncdbank.com

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत भएको मिति	: २०७४/५/२५
नेपाल स्टक एक्स्चेन्ज लि. मा सुचिकरणको लागि निवेदन पेश गरेको मिति	: २०७४/६/१
सिडिएस एण्ड क्लियरिङ लि. मा अभौतिकीकरणको लागि निवेदन पेश गरेको मिति	: २०७४/६/१

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मितिः २०७४/६/२६ गते

निष्काशन बन्द हुने मितिः २०७४/७/२९ गते

(बैकिङ्ग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ १.२ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी रु.२२,०२,९४,९००/- को १ शेयर बराबर १.२ शेयर (१ : १.२) को अनुपातमा रु.१००/- अंकित दरका २६,४३,५३८.८० कित्ता हकप्रद साधारण शेयर मिति २०७४/६/१७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : नेपाल कम्यूनिटी डेभलपमेन्ट बैंक लिमिटेड (Nepal Community Development Bank Ltd.) ।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय : यस डेभलपमेण्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वुटवल-८, रुपन्देहीमा रहेको छ ।

३. कारोवार स्थान :

यस डेभलपमेण्ट बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान बुटवल-८, रुपन्देहीमा रहेको छ । यसको अलावा डेभलपमेण्ट बैंकले आफ्नो कार्यक्षेत्र अन्तर्गत देहायको स्थानहरु मार्फत वित्तीय कारोवारहरु गर्दै आइरहेको छ ।

सि.नं.	कार्यालयको ठेगाना	कार्यालयको प्रकार	सि.नं.	कार्यालयको ठेगाना	कार्यालयको प्रकार	सि.नं.	कार्यालयको ठेगाना	कार्यालयको प्रकार
१.	सौ फर्साटिकर, रुपन्देही	शाखा कार्यालय	२.	मणिग्राम, रुपन्देही	शाखा कार्यालय	३.	सिद्धार्थनगर, रुपन्देही	शाखा कार्यालय
४.	टाँडी, चितवन	शाखा कार्यालय	५.	भुताहा, नवलपरासी	शाखा कार्यालय	६.	अरुणखोला, नवलपरासी	शाखा कार्यालय
७.	रानिवगिया, रुपन्देही	एक्सटेन्सन काउण्टर	८.	शंकरनगर, रुपन्देही	एक्सटेन्सन काउण्टर	९.	वुद्धचोक, चितवन	एक्सटेन्सन काउण्टर

उपरोक्त स्थानहरुको अलावा यस डेभलपमेण्ट बैंकले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति समेत लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/१२/०९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६७/७/८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६७/७/१७ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस डेभलपमेण्ट बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, पर्यटन, बैदेशिक रोजगार, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस डेभलपमेण्ट बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्

अ) डेभलपमेण्ट बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
आ)कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
इ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
ई) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुऱ्याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजीः यस डेभलपमेण्ट बैंकको अधिकृत पूँजी रु.६०,००,००,०००/- (अक्षरेपी साठी करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ६०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजीः यस डेभलपमेण्ट बैंकको जारी पूँजी रु.४८,४६,४८,७८०/- (अक्षरेपी अड्चालिस करोड छयालिस लाख अडचालिस हजार सात सय असी) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले ४८,४६,४८७.८० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजीः हाल यस डेभलपमेण्ट बैंकको चुक्ता पूँजी रु.२२,०२,९४,९००/- (अक्षरेपी बाईस करोड दुई लाख चौरान्नब्बे हजार नौ सय) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका २२,०२,९४९ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् डेभलपमेण्ट बैंकको चुक्ता पूँजी रु.४८,४६,४८,७८०/- (अक्षरेपी अड्चालिस करोड छयालिस लाख अडचालिस हजार सात सय असी) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	३३,९२,५४१.४६	७०%	३३,९२,५४,१४६/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	१४,५३,९४६.३४	३०%	१४,५३,९४,६३४/-	शतप्रतिशत
	जम्मा	४८,४६,४८७.८०	१००%	४८,४६,४८,७८०/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

डेभलपमेन्ट बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	पशुपति घिमिरे तिलोत्तमा-६, रुपन्देही	अध्यक्ष	स्नातक	**पूर्व अनुभव** • प्रबन्ध निर्देशक, नेपाल कफी कम्पनी मणिग्राम रुपन्देही, १० वर्ष • अध्यक्ष, एफ.ई.सी. बचत तथा ऋण सहकारी संस्था, ५वर्ष • संचालक, एफ.ई.सी. बचत तथा ऋण सहकारी संस्था, २ वर्ष • संचालक, विकास बहुउद्देश्यीय सहकारी संस्था, २ वर्ष • अध्यक्ष, हिमालयन कफी सहकारी संस्था, २ वर्ष **हाल कार्यरत** • अध्यक्ष, सञ्चालक समिति, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., स्थापना काल देखि ।	संस्थापक समूह
२.	श्री युवराज के.सी. वाणगंगा-१, कपिलवस्तु	संचालक	स्नाकोत्तर	**पूर्व अनुभव** • कार्यकारी निर्देशक, मध्यमाञ्चल ग्रामीण विकास बैंक ,जनकपुर, ४ वर्ष • वरिष्ठ अधिकृत, रुरल माईक्रो फाईनान्स डेभलपमेण्ट सेन्टर, काठमाण्डौ, ३ वर्ष • वरिष्ठ अधिकृत, पश्चिमाञ्चल ग्रामिण विकास बैंक, बुटवल, ३ वर्ष **हाल कार्यरत** • एग्रो व्यवसाय/समाज सेवा • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., स्थापना काल देखि	संस्थापक समूह
३.	श्री हिरामणी अर्याल काठमाण्डौ-३४	संचालक	स्नाकोत्तर	**पूर्व अनुभव** • शिक्षक तथा प्राचार्य महेन्द्र आदर्श उच्च मा.वि., वामी टक्सार, गुल्मी, २१ वर्ष • प्रमुख, रुद्रावति वहुमुखि क्याम्पस, वामी टक्सार, गुल्मी, ८ वर्ष **हाल कार्यरत** • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., स्थापना काल देखि	संस्थापक समूह
४.	डा.खिमानन्द पाण्डे बुटवल-११, रुपन्देही	संचालक	विद्यावारिधि (पी.एच.डी.)	**पूर्व अनुभव** • लेक्चरर, विभिन्न क्याम्पस, ९ वर्ष • पाष्ट प्रेसिडेण्टेण्ट, रोटरी क्लव अफ वुटवल, साउथ **हाल कार्यरत** • एशोसियट प्रोफेशर, बुटवल बहुमुखि क्याम्पस, १६ वर्ष देखि • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., २०७१ देखि	संस्थापक समूह
५.	श्री शालिक राम वेल्वासे सिदार्थनगर-८, रुपन्देही	संचालक	स्नाकोत्तर	**पूर्व अनुभव** • शिक्षक, विभिन्न विद्यालयहरु, ५ वर्ष • लेक्चरर, विभिन्न कलेज तथा क्याम्पसहरु, ३ वर्ष **हाल कार्यरत** • लेक्चरर, गाल्डेनगेट ईन्टेनशनल कलेज • सञ्चालक, नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लि., २०७१ देखि	सर्वसाधारण समूह

नोटः सर्वसाधारण समूहका सञ्चालक श्री जनक राज शेरचनले मिति २०७३/२/१२ गते दिएको राजिनामा बैंकको सञ्चालक समितिले मिति २०७३/२/२३ गतेदेखि लागु हुने गरी स्वीकृत गरेकोले र नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक नियुक्त भैनसकेकोले सञ्चालक पद २ (दुई) रिक्त रहेको छ ।

डेभलपमेण्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम : श्री राजन प्रसाद खनाल **ठेगाना :** सि.न.पा.वडा न.८, रुपन्देही । **योग्यता :** स्नातक

अनुभव : नेपाल बैंक लि.मा सहायक स्तर देखि अधिकृत स्तरसम्मको पदमा करिब २४ बर्ष तथा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.मा प्रबन्धकको रुपमा करिब १५ बर्ष तथा नेपाल कम्यूनिटी डेभलपमेन्ट बैंक लि. मा कार्यकारी प्रमुखको रुपमा करिब २.५ बर्ष गरी बैंक तथा वित्तीय संस्थाको कुल ४१.५ वर्षको कार्य अनुभव ।

८. संचालक समितिको बनौट :

डेभलपमेण्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछः

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	७ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.२२,०२,९४,९००/- को एक शेयर बराबर एक दशमलव दुई शेयर (१ : १.२) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १.२ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२६,४३,५३,८८०/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका २६,४३,५३८.८० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि डेभलपमेन्ट बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति २०७४/६/१७ गतेसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक दशमलव दुई शेयर (१ : १.२) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई डेभलपमेन्ट बैकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. डेभलपमेन्ट बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			*आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. शेयर पूँजी	१००,०००	१०९,५००	२०७,०६५	२२०,२९५	५२५,८४४	५२५,८४४	५२५,८४४
२. जगेडा तथा कोषहरु	१,७०८	५,२६५	८,१७४	५९,६७६	४२,४०५	१३४,२४८	२३९,५२५
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	६७५,३२९	९१८,०९०	१,२८४,८६२	१,७६६,५८९	२,३८४,८९५	३,१००,३५६	३,७२०,४२२
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	५००	५६८	-	२,१६८	२,६०२	३,१२२
८. आयकर दायित्व	-	५,८८५	६,०५६	१५,४७६	३३,२५५	३९,३६२	४५,११८
९. अन्य दायित्व	१३,४२४	१३,५७१	१६,७८३	२३,७५४	२६,१२९	३१,३५५	३५,२७५
कुल दायित्व	७९०,४६१	१,०५२,८११	१,५२३,५०८	२,०८५,७९०	३,०१४,६९६	३,८३३,७६७	४,५६९,३०६

सम्पत्ति	वास्तविक			*आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. नगद मौज्दात	१०,९२५	१९,८३०	४२,६५३	४१,६४८	४६,४०२	४८,९३७	४९,१८६
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३०,६००	३०,९९५	३,०८०	२९,२०२	३२,१२२	४४,९७१	४७,२१९
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	१४९,५४२	२३४,५१८	३५३,२९०	३९५,३२४	५३३,६८७	८४८,५६२	९८४,३३२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-		-	-	-	-	-
५. लगानी	-	-	-	१,१२३	१,२३५	१,२९७	१,३६२
६. कर्जा सापटतथा बिल खरिद	५७७,९९३	७२९,२११	१,०७५,६८७	१,५४४,०६२	२,३१५,३३९	२,७७८,२५१	३,३३३,६४५
७. स्थिर सम्पत्ति	१४,६२५	२५,३२५	२९,६०३	२९,९७१	३७,००४	५५,५०६	८३,२५८
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	६,७७५	१२,९३२	१९,१९४	४४,४६१	४८,९०७	५६,२४३	७०,३०४
कुल सम्पत्ति	७९०,४६१	१,०५२,८११	१,५२३,५०८	२,०८५,७९०	३,०१४,६९६	३,८३३,७६७	४,५६९,३०६

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			*आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. ब्याज आम्दानी	८८,१८५	१०५,६३७	१२४,७६६	२१३,०००	२७५,२३३	३६१,९३६	४२९,६६८
२. ब्याज खर्च	५७,२२५	५६,०५८	६०,५६३	१०५,२४७	११०,०९३	१६४,५५८	२०४,६२३
खुद ब्याज आम्दानी	३०,९६०	४९,५७९	६४,२०३	१०७,७५३	१६५,१४०	१९७,३७८	२२५,०४५
३.कमिशन तथा डिस्काउण्ट	५०५	९८५	१,५९१	१,७७७	३,१९८	३,३५७.९६	३,५२६
४.अन्य संचालन आम्दानी	७,३८०	७,७५९	११,५२०	१५,०६७	२२,६००	२३,७३०	२४,९१७
५.सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	३८,८४४	५८,३२३	७७,३१४	१२४,५९७	१९०,९३८	२२४,४६७	२५३,४८८
६.कर्मचारी खर्च	११,०२४	१४,७४२	२३,४५६	२८,२७९	२९,६९३	३८,६०१	४०,५३१
७.अन्य संचालन खर्च	१४,४७३	२०,२६६	२५,०४४	२९,७६५	३१,२५४	३५,९४२	४१,३३३
८.सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	१३,३४७	२३,३१५	२८,८१३	६६,५५२	१२९,९९२	१४९,९२४	१७१,६२४
९.सम्भावित नोक्सानी	१,८५३	१,८६६	६,३८३	९,८१०	८,०६०	५,६०१	६,१९२
संचालन मुनाफा/(नोक्सान)	११,४९४	२१,४४९	२२,४३१	५६,७४२	१२१,९३१	१४४,३२३	१६५,४३१
१०.गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-	२.००	२.६०	२.८६	३.१५
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	-	-	-	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	११,४९४	२१,४४९	२२,४३१	५६,७४४	१२१,९३४	१४४,३२६	१६५,४३४
१२.असामान्य कारोवार बाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	११,४९४	२१,४४९	२२,४३१	५६,७४४	१२१,९३४	१४४,३२६	१६५,४३४
१३.कर्मचारी बोनस व्यवस्था	१,०४५	१,९५०	२,०३९	५,१५९	११,०८५	१३,१२१	१५,०३९
१४.आयकर ब्यबस्था	२,९६८	५,९६३	६,१२०	१५,४७६	३३,२५५	३९,३६२	४५,११८
यस वर्षको	३७६	५,८८५	६,०५६	१५,४७६	३३,२५५	३९,३६२	४५,११८
गत वर्षको	-	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	(२,५९२)	(७८)	(६४)	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	७,४८१	१३,५३६	१४,२७२	३६,११०	७७,५९४	९१,८४४	१०५,२७६
शेयर संख्या (हजारमा)	१,०००	१,०००	१,९६३	२,२०३	४,८४६	५,२५८	५,२५८
प्रति शेयर आम्दानी (रु.)	७.४८	१३.५४	७.२७	१६.३९	१६.०१	१७.४७	२०.०२

*आ.ब.०७३/०७४ को आषाढ मसान्तसम्मको वित्तीय विवरणहरु लेखापरीक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक				प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
चुक्ता पूँजी	१००,०००	१०९,५००	२०७,०६५	२२०,२९५	५२५,८४४	५२५,८४४	५२५,८४४
जगेडा तथा कोषहरु	१,७०८	१४,७६५	८,१७४	५९,६७६	४२,४०५	१३४,२४८	२३९,५२५
कुल	१०१,७०८	१२४,२६५	२१५,२३९	२७९,९७१	५६८,२४९	६६०,०९२	७६५,३६९
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	१०१,७०८	१२४,२६५	२१५,२३९	२७९,९७१	५६८,२४९	६६०,०९२	७६५,३६९
शेयर संख्या (हजारमा)	१,०००	१,०९५	२,०७१	२,२०३	५,२५८	५,२५८	५,२५८
प्रति शेयर नेटवर्थ (रु.)	१०१.७१	११३.४८	१०३.९५	१२७.०९	१०८.०६	१२५.५३	१४५.५५
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	७.३६%	१०.८९%	६.६३%	१२.९०%	१३.६५%	१३.९१%	१३.७५%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					१४.७२%		

नोटः माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एशोसिएट्स, किर्तिपुर, काठमाण्डांका चार्टर्ड एकाउण्टेण्ट श्री राजेश कुमार शाह रहेको छ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभावित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) डेभलपमेण्ट बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस डेभलपमेण्ट बैंकको सञ्चालनको इतिहास ६ (छ) वर्षको रहेकोछ । डेभलपमेण्ट बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस डेभलपमेण्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः

रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति २०७४/६/१७ गतेसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका आवेदन दिँदा आफ्नो डिम्याट खाता (DEMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (रु. हजारमा)
०७१/०७२	३४९/-	३४३/-	३४९/-	०.३२
०७२/०७३	५२१/-	२३६/-	३३४/-	७६.२९
०७३/०७४	४६९/-	२७८/-	३०७/-	९५.१९

महिना	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७४ आषाढ	३१८/-	२८५/-	३०७/-	१८.०१९
२०७४ श्रावण	३४८/-	३०७/-	३२३/-	२७.०२१
२०७४ भाद्र	३३१/-	२९०/-	२९४/-	१८.३८

द्रष्टव्यः यस डेभलपमेन्ट बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. धितोपत्र बाँडफाँट सम्बन्धी ब्यबस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न दिन सक्ने,
ख) मनोनयन भै शेयरको लागि आवेदन दिंदा धितोपत्र बजारको कारोबार इकाई अनुसार आवेदन दिनुपर्ने,
ग) हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनीत गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनीतको रुपमा लिन सक्ने छ,
घ) बैंकको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
ङ) प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
च) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिनुपर्ने र त्यस्तो हक प्राप्त गर्नेले समेत सोही अवधि भित्र शेयरका लागि दरखास्त दिनु पर्ने ।
छ) हक हस्तान्तरणको लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

हक हस्तान्तरण सम्बन्धमा उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको शर्तको अधिनमा रहि (Fit and Proper Test) पुरा गरेका व्यक्तिलाई नेपाल राष्ट्र बैंकबाट जारि निर्देशन तथा धितोपत्र सम्बन्धि अन्य प्रचलित नियम कानून अन्तर्गत रही हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत् भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्विकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।
ख) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि डेभलपमेण्ट बैङ्कका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कानुनी सल्लाहकार, कम्पनी सचिव वा बैङ्कको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैङ्कको हकप्रद शेयर उल्लेखित व्यक्तिहरुबीच एकापसमा हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण स्वीकार गर्न हुँदैन ।
ग) डेभलपमेन्ट बैंकका संस्थापक शेयरधनीहरुमध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भई रहेका संस्थापक शेयरधनीले बैंकको हकप्रद शेयर खरिद गर्न पाउने छैनन् ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) डेभलपमेण्ट बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप सातौं बार्षिक साधारण सभाबाट १ : १.२ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) डेभलपमेण्ट बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) डेभलपमेण्ट बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि डेभलपमेण्ट बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) डेभलपमेण्ट बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि डेभलपमेण्ट बैंकको पूँजी आधारलाई मजवुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी डेभलपमेन्ट बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम रु.
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिब रु.४,००,००,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिब रु.२०,००,००,०००/-
३.	शाखा विस्तार	करिब रु.४३,५३,८८०/-
४.	सरकारी ऋणपत्र	करिब रु.२,००,००,०००/-
	जम्मा	**करिब रु.२६,४३,५३,८८०/-**

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यबस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	नेपाल इन्भेष्टमेन्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौ ।	००१०१०१०३२६८०३
२.	कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौं ।	०१२४५२४६१६५१५०१७
३.	मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौ ।	०१३१०४००१९८६२६००००१

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता बैंकले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. श्री नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लि., वुटवल-८, रुपन्देही तथा शाखा कार्यालयहरु सौ फर्साटिकर, मणिग्राम, सिद्धार्थनगर, टाँडी, भुताहा, अरुणखोला, रानिवगिया, शंकरनगर लगायत एक्सटेन्सन काउन्टर वुद्धचोक ।
३. श्री नेपाल इन्भेष्टमेन्ट बैंक लि.का शाखा कार्यालयहरुः चिप्लेढुङ्गा पोखरा, विराटनगर, बीरगञ्ज, नेपालगन्ज, नारायणगढ र धनगढी ।

यस हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लि.को वेवसाइट www.niblcapital.com तथा निष्काशनकर्ता बैंक नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लि. को वेवसाइट www.ncdbank.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

२५. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस डेभलपमेण्ट बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा रकम रु. ६४,९६,६५०/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड
NEPAL COMMUNITY
Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतप्राप्त संस्था (३ जिल्ला कार्यक्षेत्र भएको)
बुटवल-८, रुपन्देही, नेपाल, फोन नं. : ०७१-५४१८१७, ५४१८१८ फ्याक्स नं. ०७१-५४१८१९
E-mail: info@ncdbank.com, web:www.ncdbank.com
को

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

मितिः २०७४ / /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

कोड नं.

श्री संचालक समिति,
नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लिमिटेड
बुटवल-८, रुपन्देही, नेपाल ।

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं. DP ID Client ID

महाशय,

त्यस डेभलपमेण्ट बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/६/१७ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस डेभलपमेण्ट बैंकको जम्मा …………… कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा डेभलपमेण्ट बैंकले जारी गरेको एक शेयर बराबर १.२ शेयर (१ : १.२) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा …………… कित्ता तथा हक हस्तान्तरण भै आएको …………… कित्ता गरि जम्मा……………कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस डेभलपमेण्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID		
जम्मा			Client ID		

प्यान नं. प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षरेपी रुपैयाँ
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना भौचर/ड्राफ्ट नं.
निवेदकको पूरा नाम नेपालीमा श्री/श्रीमती/सुश्री/नावालक In English Mr./Mrs./Miss/Minor USE CAPITAL LETTER
स्थायी ठेगाना वडा/घर नं./टोल गा.वि.स./न.पा.
Address Ward/House No./Tole VDC/Municipality
जिल्ला P.o Box No:/District नागरिकता प्र.नं./जारी भएको जिल्ला
District Mobile/phone No.
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's/ Name
पति/पत्नीको नाम
Husband/Wife's Name
संरक्षकको नाम (नावालकको हकमा)
Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	Nepal Community Development Bank Ltd.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only: Code No.
Received by: DP ID
Date: Stamp Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com